# जानकारी सम्बन्धमा।

प्रदेश लगानी प्राधिकरण स्थापनाको ६ वर्ष पुरा भएको अवधिमा प्राधिकरणको नेतृत्वमा प्रदेश लगानी प्राधिकरणको कार्यालयले सार्वजनिक निजी सहकारी साझेदारी अवधारणामा कोशी प्रदेश कै पहिलो सफल परियोजनाका रुपमा "भेडेटार स्काइ वाक" निर्माण सम्पन्न भइ हाल सञ्चालनमा रहेको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा विकासकर्ता कम्पनीसँग गरिएको PDA (परियोजना विकास सम्झौता) बमोजिम ३ तहका सरकारलाई कुल राजश्व करिव १ करोड ५० लाख प्राप्त भएकोमा कोशी प्रदेश सरकारलाई मात्र ४० लाख प्राप्त भएको छ। यसबाट कोशी प्रदेश सरकारलाई आम्दानीको नयाँ स्रोतको रुपमा अब सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालित परियोजना पनि थपिएको छ।

मिति २०८२/१/१८ र १९ गते प्रदेश सरकारद्वारा आयोजना गरिएको प्रथम कोशी प्रदेश लगानी सम्मेलन २०२५ मा निजी अवधारणाका १९ र सार्वजनिक निजी साझेदारी अवधारणाका ३२ गरी कुल ५१ वटा परियोजनामा १ खर्ब ५७ अर्ब बराबरको अनुमानित लागतको समझदारी(MoU) भएको छ। समझदारी पत्रमा हस्ताक्षर भएका परियोजनाहरु मध्ये निजी क्षेत्रका अधिकांश परियोजनाहरु निर्माणको चरणमा प्रवेश गरेका छन्।

माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीज्यूको अध्यक्षतामा हालै बसेको लगानी प्राधिकरणको ३३औं बैठकको निर्णयले लगानी सम्मेलनमा समझदारी भएका सार्वजनिक-निजी साझेदारी अन्तर्गतका निम्न ४ वटा परियोजनाहरूको **२ अर्ब ८ करोड ५३ लाख** बराबरको लगानी स्वीकृत गरेको छः

| सि.नं | परियोजनाको नाम | परियोजना स्थल | विकासकर्ता/कम्पनी | लगानी स्वीकृत भएको लागत |
|---|---|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापन | दुहबी न.पा वडा नं ४ | Revive Infratech & Investment Pvt. Ltd., kathmandu | रु. ५५,९५,२५,२२९.७६/- |
| २. | Multi Chamber & Cold Storage & Agro processing Centre | दुहबी न.पा. वडा नं ४ र १० | Dirghayu Agro & Investment Pvt. Ltd., Biratnagar | रु. ३४ करोड |
| ३. | फोहोरमैला व्यवस्थापनसहित मल कारखाना तथा पशुपालन | बेलका न.पा. वडा नं ९ स्वामी टोल | Rampur Bahuudeshiya Krisi Farm Company, Itahari | रु. २० करोड |
| ४. | रास ताल क्षेत्रको पूर्वाधार विकास निर्माण तथा सञ्चालन | रामधुनी न.पा. वडा नं ७ | Urban Explorer Pvt. Ltd., Biratnagar | रु. ९८ करोड ५८ लाख |
| | | | जम्मा | रु.२,०८,५३,२५,२२९.७६ |

उल्लिखित चारवटै परियोजनाहरूको परियोजना विकास सम्झौता (PDA) चालु आर्थिक वर्ष २०८२/८३ भित्रै सम्पन्न गर्ने गरी प्रक्रिया द्रुत गतिमा अघि बढाइएको छ। हालै सम्पन्न ३३ औ प्राधिकरणको बैठकले नेपालमै पहिलो पटक "रानी देखि विराटनगर बस पार्कसम्मको हाइवे क्षेत्रमा" परियोजनाको संभाव्यता अध्ययन, निर्माण तथा संचालनका लागि Kathmandu Podway Company Pvt. Ltd., काठमाडौ म.न.पा.-७ का तर्फबाट अमेरिकी डलर ४,५१,००,०००/- बराबरको लागत अनुमान सहित पेश भएको प्रस्तावलाई परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमती दिएको छ ।

यसका अतिरिक्त ग्रीन हाइड्रोजन परियोजना, बायोइथानोल परियोजना, लिम्चुङबुङ केबल कार, राजारानी पर्यटकीय परियोजना, Baruwa Buspark & Bussiness Complex परियोजना, गुप्तवराह Monorail लगायतका परियोजनाहरु Project Cycle का विभिन्न चरणमा रहेका छन्। यी परियोजनाहरूलाई आगामी आर्थिक वर्ष २०८३/८४ भित्रै PDA सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

लगानीका लागि नीतिगत क्षेत्राधिकार, निकायगत समन्वयको अभाव र सिमित स्रोत साधनलाई समयमै सुधार र कार्यालयको क्षमता विकास गर्नसके आगामी दिनमा कोशी प्रदेश सरकारलाई परियोजना विकासमार्फत समृद्धिको यात्रा तय गर्न सहज हुने देखिन्छ। माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीज्यूको सबल नेतृत्वमा कोशी प्रदेश सरकार, कर्मचारीतन्त्र, प्राधिकरणका सदस्यहरू र प्राधिकरण कार्यालय कोशी प्रदेशलाई सार्वजनिक-निजी साझेदारीको 'हब' (Hub) का रूपमा स्थापित गरी लगानीमैत्री वातावरण निर्माण गर्न निरन्तर प्रयासरत रहेको छ। यस प्रयासबाट प्रदेशका सम्भावित परियोजनाहरूको पहिचान, विकास तथा सञ्चालनमा सकारात्मक प्रभाव पर्नुका साथै रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन एवं पूर्वाधार विकासमा समेत उल्लेखनीय योगदान पुगेको छ।

धन्यवाद!!!